# पाँचौ गाउँसभा तथा बजेट अधिवेशनमा सभा सदस्य श्री नारायण डाँगीद्वारा प्रस्तुत

# बंगलाचुली गाउँपालिकाको आर्थिक विधेयक, २०७६

(बंगलाचुली गाउँपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक)

## असार ९, २०७६

## बंगलाचुली गाउँपालिका

कमिरेचौर, दाङ

## अध्यक्ष महोदय एवं सदस्यज्यूरु,

नेपालको संविधान २०७२ अनुसार गठित स्थानीय सरकारको रुपमा रहेको यस गाउँपालिकाको गरिमामय पाँचौ गाउँसभामा आर्थिक वर्ष २०७६/०७७ का लागि आवश्यक आर्थिक विधेयक, २०७६ प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन आहुति गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण हार्दिक श्रद्धान्जली एवं घाईते अपाङ्गहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

## अध्यक्ष महोदय,

**अब म** बंगलाचुली गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक बंगलाचुली गाउँपालिकाको आर्थिक विधेयक, २०७६ प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

# बंगलाचुली गाउँपालिकाको आर्थिक विधेयक,२०७६

**प्रस्तावना**

बंगलाचुली गाउँपालिकाको **आर्थिक वर्ष २०७६/०७७** को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न र स्थानिय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न **वाञ्छनीय भएकोले,**

नेपालको संविधान २०७२ को धारा २२८ को उपधारा (२) बमोजिम बंगलाचुली गाउँपालिकाको **पाँचौ** गाउँसभाले यो **ऐन** बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** :-क) यस ऐनको नाम "बंगलाचुली गाउँपालिकाको आर्थिक ऐन, २०७६" रहेको छ ।

(ख) यो ऐन सभावाट स्वीकृत भएको मिति देखी बंगलाचुली गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति कर/घर जग्गाकर :-**यस गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाईने र असूल उपर गरिनेछ । सम्पत्ति कर प्रयोजनको लागि गाउँकार्यपालिकाले कार्यविधि वनाई लागु गर्न सक्नेछ ।

**३.भुमि कर (मालपोत)** :-गाउँपालिका क्षेत्रभित्र सम्पति कर लागु नभए सम्मको लागि भुमिकर (मालपोत) बक्यौता रहेका जग्गा धनिलाई आ.व.२०७५/०७६ सम्मको बक्यौता समेत अनुसूची (२) बमोजिम भुमि कर ( मालपोत) लगाईने र असूल उपर गरिनेछ ।

**४. घर वहाल कर :-**गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाईने र असूल गरिनेछ ।

**५. व्यवसाय कर** :-गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिनेछ ।

**६.जडिबुटी,कवाडी र जीवजन्तु कर** :-गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन कर** :-गाउँपालिका क्षेत्रभित्र स्थायी ठेगाना भई दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाईने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८. विज्ञापन कर** :-गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९.मनोरञ्जन कर** :-गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम कर लगाईने र असूल उपर गरिनेछ । तर,प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१०. बहाल बिटौरी शुल्क** :-गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण ,रेखदेख वा संचालन गरेका अनुसूची -९) मा उल्लेख भए अनुसार हाट बजार वा पसल वा घरमा सोही अनुसुचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्क** :-गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाईने र असूल उपर गरिनेछ ।

**१२. सेवा शुल्क, दस्तुर** :-गाउँपालिकाले निर्माण,संञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (११) मा उल्लेखित स्थानीय पुर्वाधार र उपलव्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क, दस्तुर लगाईने र असूल उपर गरिनेछ ।

**१३. पर्यटन शुल्क** :-गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१२) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१४. कर छुट तथा मिनाहः-** (क) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर मिनाहा हुने छैन ।

तर अनुसूचीमा उल्लेख भए वमोजिम करको दरमा सहुलियत प्रदान गर्न यस दफाले बाधा पुर्‍याएको मानिने छैन।

**१५. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः-** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधी गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ । सो को लागि कार्यपालिकाले कार्यविधि वनाई लागु गर्न सक्ने छ ।

**१६.अधिकार प्रत्यायोजनः**-यस ऐनमा उल्लेख हुन छुट भएका करका दायराहरुको सम्बन्धमा गाउँ कार्यपालिका अध्यक्ष स्तरको निर्णयवाट निर्धारण गरी असूल उपर गर्न सकिनेछ । सो बमोजिम निर्धारित गरिएको कर यसै ऐन बमोजिम निर्धारण भएको मानिनेछ ।

**१७.खारेजी र बचाउः-** क) चौथो गाउँसभाद्धारा स्विकृत बंगलाचुली गाउँपालिकाको आर्थिक ऐन, २०७५ खारेज गरिएको छ ।

ख)चौथो गाउँसभाद्धारा स्विकृत बंगलाचुली गाउँपालिकाको आर्थिक ऐन, २०७५ वमोजिम भए गरेका काम कारवाही यसै ऐन वमोजिम भए गरेको मानीनेछ ।

अनुसूची – १

(ऐनको दफा २ को प्रयोजनको लागि)

**सम्पती कर**

| क.सं. | विवरण | प्रस्तावित दर | कैफियत |
|---|---|---|---|
| सम्पत्ती कर दस्तुर रु. | | | |
| १ | १ देखी ३ लाख रुपैयाँ सम्म | ५० | |
| २ | ३ लाख १ रुपैयाँ देखी ५ लाख रुपैयाँ सम्म | ७५ | |
| ३ | ५ लाख १ रुपैयाँ देखी ७ लाख रुपैयाँ सम्म | १०० | |
| ४ | ७ लाख १ रुपैयाँ देखी १० लाख रुपैयाँ सम्म | १५० | |
| ५ | १० लाख १ रुपैयाँ देखी १३ लाख रुपैयाँ सम्म | २२५ | |
| ६ | १३ लाख १ रुपैयाँ देखी १७ लाख रुपैयाँ सम्म | २८० | |
| ७ | १७ लाख १ रुपैयाँ देखी २२ लाख रुपैयाँ सम्म | ३५० | |
| ८ | २२ लाख १ रुपैयाँ देखी २६ लाख रुपैयाँ सम्म | ५०० | |
| ९ | २६ लाख १ रुपैयाँ देखी ३२ लाख रुपैयाँ सम्म | ७०० | |
| १० | ३२ लाख १ रुपैयाँ देखी ४० लाख रुपैयाँ सम्म | १००० | |
| ११ | ४० लाख १ रुपैयाँ देखी ५० लाख रुपैयाँ सम्म | १७०० | |
| १२ | ५० लाख १ रुपैयाँ देखी ६२ लाख रुपैयाँ सम्म | २५०० | |
| १३ | ६२ लाख १ रुपैयाँ देखी ७५ लाख रुपैयाँ सम्म | ४००० | |
| १४ | ७५ लाख १ रुपैयाँ देखी ९० लाख रुपैयाँ सम्म | ६५०० | |
| १५ | ९० लाख १ रुपैयाँ देखी १ करोड १० लाख रुपैयाँ सम्म | १०००० | |
| १६ | १ करोड १० लाख १ रुपैयाँ देखी १ करोड २५ लाख रुपैयाँ सम्म | १५००० | |
| १७ | १ करोड २५ लाख १ रुपैयाँ देखी १ करोड ४५ लाख रुपैयाँ सम्म | २०००० | |
| १८ | १ करोड ४० लाख १ रुपैयाँ देखी १ करोड ७० लाख रुपैयाँ सम्म | २८००० | |
| १९ | १ करोड ७० लाख १ रुपैयाँ देखी २ करोड रुपैयाँ सम्म | ४0000 | |
| २० | २ करोड १ रुपैयाँ देखी प्रति हजार थप २ रुपैयाँ | | |

## अनुसूची – २

(ऐनको दफा ३ को प्रयोजनको लागि)

### भुमी कर (मालपोत)

| क्र.सं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| | | | |
| १ | मदन भण्डारी लोकमार्गको दायाँ बायाँ प्रति रोपनी | ३०.०० | |
| २ | वि.पि. मार्गको दाँया बाँया प्रति रोपनी | २०.०० | |
| ३ | अन्य सडकले छोएको दाँया बाँया प्रति रोपनी | १०.०० | |
| ४ | ग्रामिण क्षेत्रका कृषि उत्पादन हुने जमिन प्रति रोपनी | ८.०० | |
| ५ | ग्रामिण क्षेत्रका पाखो खर्‍यान प्रति रोपनी | ५.०० | |

## अनुसूची – ३

(ऐनको दफा ४ को प्रयोजनको लागि)

### घर वहाल कर

| क्र.सं. | विवरण | दर % | कैफियत |
|---|---|---|---|
| | | | |
| १ | व्यक्तिगत वहाल रकमको | ५% | |
| २ | संस्थागत वहाल रकमको | १०% | |

## अनुसूची – ४

(ऐनको दफा ५ को प्रयोजनको लागि)

### व्यवसाय कर

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| अ | चुरोट, रक्सी, ज्वैलरी, भिडियो आदिका थोक तथा खुद्रा व्यापारमा | |
| १ | क) भिडियो तथा मिक्सिङ, क्यासेट रिकडर तथा प्लेयर आदीको थोक व्यापारमा | ५०० |
| | ख) भिडियो तथा मिक्सिङ, क्यासेट रिकडर तथा प्लेयर आदीको खुद्रा व्यापारमा | २०० |
| २ | सुनचादी व्यवसायमा | |
| | क.२० लाख भन्दा मुनीको पूंजी भएको व्यवसाय | १००० |

| | | |
|---|---|---|
| | ख.२० लाख भन्दा माथीको पूंजी भएको व्यवसाय | १५०० |
| ३ | चुरोट मदिरा थोक बिक्रेता | १५०० |
| ४ | चुरोट मदिरा खुद्रा बिक्रेता | १००० |
| ५ | क्यासेट रिकडर तथा प्लेयर र मनोरञ्जनात्मक सि.डि., डि.भि.डि, विक्रेता | |
| | क. थोक व्यापार | १००० |
| | ख. खुद्रा व्यापार | ५०० |
| आ | निर्माण सामाग्री, कम्प्यूटर बिद्युत सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम, पदार्थ जस्ता थोक तथा खुद्रा व्यापारमा | |
| १ | निर्माण सामाग्री बिक्रता | |
| | क. डिस्ट्रीव्युटर | २००० |
| | ख. हार्डवेयर खुद्रा | १००० |
| २ | कम्प्यूटर बिधुत सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट जस्ता थोक तथा खुद्रा व्यापारमा | |
| | क. थोक व्यापार १० लाख भन्दा बढी पुंजी लगानी भएको | १००० |
| | ख. खुद्रा व्यापार ५ देखी १० लाख सम्म पुंजी लगानी भएको | ५०० |
| | ग. साना खुद्रा व्यापार ५ लाख सम्म पुंजी लगानी भएको | ३०० |
| ३ | पेट्रोलियम पदार्थ (डिजल) विक्रेता | १०००० |
| ४ | पेट्रोलियम पदार्थ (पेट्रोल) विक्रेता | ५००० |
| ५ | पेट्रोलियम पदार्थ (मट्टीतेल) विक्रेता | ५०० |
| इ | दैनिक उपभोगका खाद्य पदार्थ सुती कपडा, आदिको थोक तथा खुद्रा व्यापारमा | |
| १ | थोक विक्रेता (फेन्सी, खादान्न र कपडा समेत) | १००० |
| २ | फुटकर विक्रेता (फेन्सी, खादान्न र कपडा समेत) | ३०० |
| ३ | खादान्न (गल्ला) थोक बिक्रेता | ३०० |
| ४ | खादान्न (गल्ला) फूटकर बिक्रेता | २०० |

| | | |
|---|---|---|
| ई | सवारी साधन बिक्रेता | |
| १ | चारपांग्रे गाडी विक्रेता | ३००० |
| २ | मोटरसाइकल बिक्रेता | २००० |
| ३ | पावर टेलर बिक्रेता | १००० |
| | बिशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा | |
| १ | चिकित्सक | २००० |
| २ | कबिराज | १००० |
| ३ | इन्जिनियर | २००० |
| ४ | कानुन व्यवसायी | |
| | अधिबक्ता नोटरी पब्लिक समेत भएको | २००० |
| | अधिबक्ता | १००० |
| | लेखापढी व्यवसायी | ५०० |
| ५ | लेखा परीक्षक | |
| | क श्रेणी | २५०० |
| | ख श्रेणी | २००० |
| | ग श्रेणी | १५०० |
| | घ श्रेणी | १००० |
| ६ | दन्त चिकित्सक | २००० |
| ७ | अनुसन्धानकर्ता, बैदेशिक रोजगार र अन्य परामर्श दाता | २००० |
| ८ | कम्प्यूटर एनालिष्ट तथा प्रोगामर | १००० |
| ९ | बीमा एजेन्ट | ५०० |
| १० | सर्भेयर | १००० |
| ११ | अनुबादक | १००० |
| १२ | पशु चिकित्सक | १००० |
| १३ | शेयर दलाल | १००० |
| १४ | सामान ढुवानी कर्ता तथा कम्पनी | १००० |
| १५ | संस्थागत पेन्टर | २००० |
| १६ | सेक्युरिटी एजेन्सी | १००० |

| | | |
|---|---|---|
| उ | निर्माण व्यवसायः बंगलाचुली गा.पा. प्रधान कार्यालय भएको निर्माण व्यवसाय | |
| १ | क श्रेणी | १५००० |
| २ | ख श्रेणी | १०००० |
| ३ | ग श्रेणी | ७००० |
| ४ | घ श्रेणी (इजाजत र नविकरण दस्तुर समेत) | ५००० |
| उ | उत्पादनमुलक उद्योगः कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गइरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग व्यवसायमा | |
| १ | सिमेन्ट उत्पादन प्रति बोरा | २ |
| २ | सिमेन्ट जिल्ला निकासी प्रती बोरा | १.५ |
| ३ | हयूमपाइप, पोल उद्योग, कंक्रिट उद्योग | ३००० |
| | बिस्कुट उद्योग | २००० |
| ४ | चाउमिन उद्योग | ५०० |
| ५ | कापी उद्योग | १००० |
| ६ | बोरा उद्योग | १००० |
| ७ | पाउरोटी उद्योग | १००० |
| ८ | गार्मेन्ट उद्योग | ५०० |
| ९ | जुत्ता उत्पादन उद्योग | १००० |
| १० | डेरि उद्योग ठुलो | १००० |
| ११ | डेरि उद्योग सानो | ५०० |
| १२ | मिनरल वाटर उद्योग | ५००० |
| १३ | चिम्नी इटा उद्योग | ५००० |
| १५ | क श्रेणीको ग्रिल फलाम उद्योग(रु. १० लाख वा सो भन्दा माथि पुजी भएको) | ३००० |
| १६ | ख श्रेणीको ग्रिल फलाम उद्योग(रु. १० लाख सम्म पुजी भएको) | २००० |
| १७ | ग श्रेणीको ग्रिल फलाम उद्योग(रु. २ लाख सम्म पुजी भएको) | १००० |
| १८ | सिमेन्ट ब्लक, जाली, मूडका उद्योग | ७०० |

| | | |
|---|---|---|
| १९ | ५ हर्ष पावर सम्मको मोटर प्रयोग गरी कूटानी, पिसानी, पेलानी उद्योग | ५०० |
| २० | १० हर्ष पावर सम्मको मोटर प्रयोग गरी कूटानी, पिसानी, पेलानी उद्योग | ७०० |
| २१ | १५ हर्ष पावर सम्मको मोटर प्रयोग गरी कूटानी, पिसानी, पेलानी उद्योग | १००० |
| २२ | २० हर्ष पावर सम्मको मोटर प्रयोग गरी कूटानी, पिसानी, पेलानी उद्योग | २००० |
| २३ | २५ हर्ष पावर सम्मको मोटर प्रयोग गरी कूटानी, पिसानी, पेलानी उद्योग | २५०० |
| २४ | ३० हर्ष पावर सम्मको मोटर प्रयोग गरी कूटानी, पिसानी, पेलानी उद्योग | ३००० |
| २५ | ३५ हर्ष पावर सम्मको मोटर प्रयोग गरी कूटानी, पिसानी, पेलानी उद्योग | ३५०० |
| २६ | ४० हर्ष पावर सम्मको मोटर प्रयोग गरी कूटानी, पिसानी, पेलानी उद्योग | ४००० |
| २७ | ४० हर्ष पावर देखी माथीको मोटर प्रयोग गरी कूटानी, पिसानी, पेलानी उद्योग | ४५०० |
| २८ | ३० बर्ष देखी माथीको मोटर प्रयोग गर्ने उद्योगमा थप प्रदुषण कर | १५०० |
| ए | उर्जामुलक उद्योगः जलश्रोत वायु, सौर्यशक्ती, कोइला, प्राकृतिक तेल, ग्यास, बायोग्यास तथा अन्य श्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | |
| १ | सिमेन्ट उद्योग | १०००००० |
| २ | माइन्स एण्ड मिनरल्स उद्योग | ५००००० |
| ३ | कोइला उद्योग | २५००० |
| ४ | सोलार, व्याट्री र व्याट्रीबाट सन्चालन हुने रिक्सा विक्रेता | १००० |
| ५ | एल.पी ग्यास डीलर | १००० |

| | | |
|---|---|---|
| ऐ | कृषी तथा बनजन्य उद्योगः मूलतः कृषी वा बन पैदावारमा आधारीत उद्योग व्यवसायमा | |
| १ | स मिल्स ठुलो | १०००० |
| २ | स मिल्स सानो | ५००० |
| ३ | जडीबुटी खरीद बिक्री | ५००० |
| ४.१ | फर्निचर उद्योग | ५००० |
| ४.२ | फर्निचर मर्मत | १००० |
| | खनीज उद्योगः खनीज उत्खनन वा प्रशोधन गर्ने उद्योग व्यवसायमा (चुन ढुङ्गा) | ५००००० |
| | पर्यटन उद्योगः पर्यटक, आवास, होटल, रेष्टुरा, रिसोर्ट, ट्राभल एजेन्सी, स्कीइङ, ग्लाइडीइङ, वाटर रयाफटीङ, पानी ट्रेकीङ, पदयात्रा, हटएयर, ब्यालुनीङ, प्यारा सेलीङ, गल्फकोर्स, पोलो, अश्वारोहण आदि उद्योग व्वसायमा | |
| १ | क श्रेणी होटल | ५००० |
| २ | ख श्रेणी होटल | ३००० |
| ३ | ग श्रेणी होटल | १००० |
| ४ | साना चिया नास्ता खाना मात्र होटल | ३०० |
| | सेवा उद्योगः | |
| १ | छापाखाना | १०००० |
| २ | परामर्श सेवा, जिनिङ्ग तथा बालुङ्ग, व्यवसाय, सार्बजनिक पारबहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, हवाइ सेवा, शीत भण्डार आदी उद्योग व्यवसायमा | ३००० |
| ३ | स्क्रीन प्रिन्ट | १००० |
| | निर्माण उद्योगः सडक, पूल, रोपवे, रेलवे, ट्रलीबस, टनेल, फलाइङबृज तथा औद्योगिक, व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग व्यवसायमा | १०००० |
| | संचार सेवा | |
| १ | निजि क्षेत्रको हुलाक सेवा | ५०० |
| २ | निजी क्षेत्रको टेलीफोन, फ्याक्स सेवा, फोटोकपी मोबाइल फोन, आइएसडी, एसटीडी, इमेल, इन्टरनेट, रेडियो पेजीङ, आदि | ३०० |

| | | |
|---|---|---|
| ३ | कुरीयर सेवा | ३०० |
| ४ | छपाइ तथा प्रकाशन | १००० |
| ५ | २००० वाट् सम्मका एफ.एम रेडियो सेवामा | ५००० |
| ६ | १५०० वाट् सम्मका एफ.एम रेडियो सेवामा | ४००० |
| ७ | १००० वाट् सम्मका एफ.एम रेडियो सेवामा | ३००० |
| ८ | ५०० वाट् सम्मका एफ.एम रेडियो सेवामा | १००० |
| | वित्तीय सेवा | |
| १ | नेपाल सरकारको पूर्ण स्वामित्त्वको आर्थिक कारोबार गर्ने बाणिज्य बैङ्क | |
| क | क श्रेणीका बैङ्क | २०००० |
| ख | ख श्रेणीका बैङ्क | १५००० |
| ग | ग श्रेणीका बैङ्क | १०००० |
| घ | आर्थिक कारोबार समेत गर्ने बित्तीय कम्पनीको मुख्य शाखा कार्यालय | ७००० |
| ङ | बित्तीय कम्पनी शाखा कार्यालय | ५००० |
| च | बीमा कम्पनी | ५००० |
| छ | बिदेशी मुद्रा सटही | २००० |
| ज | धितोपत्र कारोबार | २००० |
| झ | सहकारी बैङ्क | १००० |
| | स्वास्थ्य | |
| १ | गैर सरकारी अस्पताल | |
| | क) १० शैया भन्दा माथी | १०००० |
| | ख) ५ देखी १० शैया भएको | ५००० |
| | ग) ५ शैया भएको | २००० |
| २ | नर्सीङ होम | १०००० |
| ३ | ल्किनिक तथा ल्याब | २००० |
| ४ | डेन्टल हस्पिटल | ५००० |
| ५ | दात/चस्मा बनाउने पशल | १००० |
| ६ | औषधी व्यवसाय डिलर | १०००० |

| | | |
|---|---|---|
| ६ | औषधी व्यवसाय खुद्रा ५ लाख भन्दा बढी पूंजी लगानी भएको | २००० |
| ७ | औषधी व्यवसाय खुद्रा ५ लाख सम्म पूजीं लगानी भएको | १००० |
| ८ | एग्रो सेन्टर | ५०० |
| | शिक्षा | |
| १ | निजि क्षेत्रका स्कुल, क्याम्पस, बिश्व बिद्यालय | १००० |
| २ | अनुसन्धान केन्द्र | ५०० |
| ३ | तालिम केन्द्र | ५०० |
| ४ | टाइपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | ३०० |
| ५ | अन्तराष्ट्रिय गैर सरकारी संस्था | २००० |
| ६ | मा.बि. तह सम्मको ट्यूसन/कोचिङ कक्षा संचालन | १००० |
| ७ | उच्च मा.बि. को ट्यूसन/कोचिङ कक्षा संचालन | १५०० |
| ८ | लोक सेवा र अन्य सेवा तयारी कक्षा संचालनमा | २००० |
| ९ | कम्प्युटर इन्स्टीच्यूट | १००० |
| | मर्मत सम्भार सेवा | |
| १ | हेभी इक्विमेन्ट बस, ट्रक, कार | १००० |
| | मोटरसाइकल, टेम्पो, मर्मत कारखाना | ५०० |
| २ | साइकल मर्मतमा | २०० |
| ३ | रेडियो, टि.भी., घडी, प्रेशर कुकर, हिटर, टेलीफोन सेट, बिद्युत सामग्री मर्मत केन्द्र | २०० |
| ४ | टायर रिसोलिङ | २०० |
| ५ | टायर मर्मत | १०० |
| ६ | ग्यास वल्डिङ | १००० |
| | अन्य सेवा | |
| १८.१ | विज्ञापन सेवा | २००० |
| १८.२ | बैदेशीक रोजगार सेवा | ५००० |
| १८.३ | स्वदेशी रोजगार सेवा | १००० |
| १८.४ | सेक्रेटेरीयल सेवा | १००० |
| १८.५ | हाउजीङ कम्पनी तथा घर जग्गा खरीद बिक्री(रीयल स्टेट) | २५००० |

| | | |
|---|---|---|
| १८.६ | ब्युटी पार्लर, केश श्रृगार, क्लिनर्स, फोटो स्टडियो, सिलाई आदी | |
| क | ब्युटी पार्लर, केश श्रृगार | ५०० |
| ख | ड्राइ क्लिनर्स | ५०० |
| ग | सिलाइ | ३०० |
| घ | फोटो स्टुडीयो | १००० |
| ङ | कलर ल्याब | ९०० |
| च | कस्मेटिक सामान थोक बिक्रेता | ५०० |
| छ | कस्मेटिक सामान खुद्रा बिक्रेता | ५०० |
| १८.७ | साइन बोर्ड बनाउने पेन्टिङ सेवा | १००० |
| क | डिजिटल व्यानर हाउस | ५०० |
| १८.८ | पशु बधशाला | १००० |
| १८.९ | मासु बिक्रेता | |
| क | रांगा मासु बिक्रेता | ३०० |
| ख | बंगुर मासु बिक्रेता | ३०० |
| ग | खसी मासु बिक्रेता | ३०० |
| घ | कुखुरा मासु बिक्रेता | ३०० |
| ङ | माछा बिक्रेता | ३०० |
| १८.१ | फूल र बिरुवा बिक्रेता/ नर्सरी | ३०० |
| १८.११ | पूल हाउस | ३०० |
| १८.१२ | खोटो व्यवसायी व्यवसाय कर | २००० |
| क | खोटो व्यवसायी प्राकृतिक श्रोत उपभोग शुल्क | १०००० |
| १८.१३ | सिसा प्लाइउड बिक्रेता | १५०० |
| १८.१४ | भाँडाँकुडा बिक्रेता | ५०० |
| १८.१५ | स्टिल, काठ, फर्निचर बिक्रेता | ५०० |
| १८.१६ | खेलौना, उपहार (गिफ्ट) बिक्रेता | ३०० |
| | केबुल नेटवर्किङ(ग्राहक संख्याको आधारमा) | |
| क | केबुल नेटवर्किङ | ५०० |
| | अन्य व्यवसाय | |
| १ | पार्क पिक्निक स्पट | ५०० |

| | | |
|---|---|---|
| | अस्थायी हाट बजार वा घुम्ती पसल:पटके व्यवसाय कर प्रति ७ दिन | ५०० |
| १ | घुम्ती(मोबाइल) पसल, खुन्चा समेतमा प्रतिदिन | १० |
| ५ | सैलुन व्यवसाय | ५०० |
| ६ | कुखुरा पालन व्यवसाय | ५०० |
| ७ | माछा पालन व्यवसाय | ५०० |
| ८ | पशु पालन व्यवसाय | ५०० |
| ९ | कुखुराका बच्चा दाना उत्पादन गर्ने व्यवसायमा | २००० |
| १० | फलफूल जुस व्यवसायी डिलर | १००० |
| ११ | फलफूल जुस व्यवसायी खुद्रा | ३०० |
| १२ | फलफूल बिक्रेता ठेला | २०० |
| १३ | पुस्तक तथा स्टेशनरी थोक बिक्रेता | ५०० |
| १४ | पुस्तक तथा स्टेशनरी खुद्रा बिक्रेता | ३०० |
| १५ | मोटर पार्टस विक्रि | ३००० |
| १६ | इन्जिनियरीयङ उपकरण सहित | ३००० |
| १७ | मोटरसाइकल पार्ट बिक्रि सहित | १००० |
| १८ | बडि बिल्डर्स | ५००० |
| १९ | गाडीको टायर बिक्रेता | २००० |
| २० | गाडीको ब्याट्री बिक्रेता | २ययय |
| २१ | मोबाइल बिक्रेता डिलर | १५०० |
| २२ | मोबाइल बिक्रेता खुद्रा | १००० |
| २३ | मोबाइल मर्मत | ३०० |
| २४ | सोलार तथा ब्याट्री | ३०० |
| २५ | कम्प्युटर बिक्रि तथा मर्मत केन्द्र | १००० |
| २६ | लोक दोहोरी साझ व्यवसाय दर्ता | १५०० |
| २७ | लोक दोहोरी साझ बार्षिक कर | ३००० |

अनुसूची – ५

(ऐनको दफा ६ को प्रयोजनको लागि)

**जडिबुटी जिवजन्तु र कवाडी कर**

| जडिबुटी, कवाडी र जीवजन्तु कर | | |
|---|---|---|
| क.स. | बस्तुहरुको विवरण | कर शुल्क |
| १ | ऊन | प्रति के.जी. १० पैसा |
| २ | खोटो | प्रति के.जी. ५० पैसा |
| ३ | जडिबुटी | प्रति के.जी. ७५ पैसा |
| ४ | बनकस | प्रति के.जी. रु ३० |
| ५ | कवाडी माल | प्रति के.जी. रु २ |
| | मृत वा मारिएका जिवजन्तु | |
| १ | हाड | प्रति के.जी. रु १ |
| २ | सिङ | प्रति के.जी. रु १ |
| ३ | प्वाख | प्रति के.जी. रु १ |
| ४ | छाला | प्रति गोटा रु १० |

अनुसूची – ६

(ऐनको दफा ७ को प्रयोजनको लागि)

**सवारी साधन कर**

| क.सं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | अटो रिक्सा, टयाम्पो | ५० | |

अनुसूची – ७

(ऐनको दफा ८ को प्रयोजनको लागि)

**विज्ञापन कर**

| क.स. | बिज्ञापनको विवरण | दर रु. |
|---|---|---|
| १ | बिज्ञापन सामाग्री २५ ब.फि. सम्म | २५० |
| २ | बिज्ञापन सामाग्री २५ ब.फि. भन्दा माथि प्रति ब.फि. | १५ |

| | | |
|---|---|---|
| ३ | साना किसिमका प्रचारका बोर्डहरु ४ ब.फि. सम्म | १०० |
| ६ | १ मिटर १ ब.फि. सम्मको बिज्ञापनलाई १ महिना सम्मको लागि | १ |
| ७ | दफा ६ भन्दा बढी समयका लागि बिज्ञापन राख्नु परेमा | २ |
| ८ | बिद्युत पोलमा पेन्टिङ गर्नेलाई प्रति बर्गमिटर प्रति पोलमा | १० |

अनुसूची – ८

(ऐनको दफा ९ को प्रयोजनको लागि)

## मनोरञ्जन कर

| मनोरञ्जन कर | | |
|---|---|---|
| क्र.स. | व्यवसाय कर(बार्षिक) | दर |
| १ | क बर्गको सिनेमा हल | ५००० |
| २ | ख बर्गको सिनेमा हल | २००० |
| | पर्यटन प्रदर्शन मेला | |
| १ | जादु, सर्कस, चटक, आदिमा प्रतिदिन | २०० |
| २ | मनोरञ्जन कर सम्बन्धी सर्कस नौटंकी रमाइलो मेला देखाए बापत दैनिक | ३०० |

अनुसूची – ९

(ऐनको दफा १० को प्रयोजनको लागि)

## वहाल विटौरी शुल्क

(आफुले निर्माण, रेखदेख, संरक्षण वा संचालन गरेका हाट बजार वा पसल वा घर वा जग्गामा व्यवस्था अनुसार बहाल बिटौरी शुल्क)

| क्र.स. | विवरण | दर मासिकमा रु. |
|---|---|---|
| १ | मुर्कुटी, पुरुङ्ग, कमिरेचौर, वचेनी, जुम्लेपानी, वोझपोखरा, मुलावारी क्षेत्रमा | प्रति बर्ग फुट ५ रुपैया |
| २ | अन्य क्षेत्रमा | प्रति वर्ग फुट ३ रुपैया |

अनुसूची – १०

(ऐनको दफा ११ को प्रयोजनको लागि)

## पार्किङ्ग शुल्क

| क.स. | विवरण | शुल्क |
|---|---|---|
| १ | पार्किङ शुल्क बस, मिनी बस, ट्रक, र टेक्टर (प्रति दिन) | २० |
| २ | साना सवारी साधनहरु (प्रति दिन) | १० |
| ३ | ३ पाङग्रे सवारी साधन | ५ |
| ४ | ४ पाङग्रे सवारी साधन | ५ |

अनुसूची – ११

(ऐनको दफा १२ को प्रयोजनको लागि)

**सेवा शुल्क दस्तुर**

| क.सं. | विवरण | दर रु | कैफियत |
|---|---|---|---|
| | **नाता प्रमाणीत** | | |
| १ | क. नेपाली | सर्जमिन सहित १५० | |
| | | सामान्य १०० | |
| | ख. अंग्रेजी | सर्जमिन सहित ५०० | |
| | | सामान्य ३०० | |
| | | | |
| २ | **क. निवेदन सिफारिस दस्तुर रु.** | | |
| | १. नागरिकता सिफारिस (बंशज र वैवाहिक अङ्गिकृत) | निशुल्क | |
| | २. सर्जमिन सहितको सिफारिस नागरिकता प्रतिलिपि | १०० | |
| | पेन्सन सिफारिस तथा सिफारिस (स्वदेशी) | ५०० | |
| | पेन्सन सिफारिस (भारतिय) | १००० | |
| | पेन्सन सिफारिस (अन्य मुलुक) | २००० | |
| **४ बकसपत्र सिफारिस दस्तुर रु.** | | | |
| | तीन पुस्ता भित्रको | ५०० | |
| | तीन पुस्ता बाहिरको | १५०० | |
| **५ अन्य सिफारिस दस्तुर रु.** | | | |
| | घरजग्गा नासारी सिफारिस | १५० | |
| | जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि सिफारिस | १०० | |
| | अस्थायी बसोबास सिफारिस | ५०० | |
| | फरक फरक नामको व्यक्ती एउटै हो भन्ने सिफारिस | २०० | |
| | अङ्गीकृत नागरिकता सिफारिस (वैवाहिक वाहेक) | १००० | |
| **६ बैदेशिक प्रयोजन तर्फका सिफारिस दस्तुर रु.** | | | |
| | वैयत्तिक विवरण प्रमाणित | १००० | |
| | चारित्रिक प्रमाणित/सिफारिस | १००० | |

| | | | |
|---|---|---|---|
| | अस्थाई बसोबास सिफारिस | १००० | |
| | फरक फरक नामको व्यक्ती एउटै हो भन्ने सिफारिस | १००० | |
| | हाल साविक ठेगाना सिफारिस | निशुल्क | |
| | आयश्रोत प्रमाणित (दश लाख सम्मको) | २००० | |
| | आयश्रोत प्रमाणित **प्रतिशत** (दश लाख भन्दा माथि) | 0.५0 | |
| | कर किलेरेन्स प्रमाणित | १000.00 | |
| | अन्य सिफारिस | ५00.00 | |
| **७ नामसारी सिफारिस दस्तुर रु.** | | | |
| | विद्युत खानेपानी | १५०.०० | |
| | टेलिफोन | १५०.०० | |
| | घर नक्सा | २५0.00 | |
| | घर निर्माण इजाजत | २५०.०० | |
| | पेशा व्यवसाय | २५०.०० | |
| | उद्योग ठाउँसारी | ११००.०० | |
| | उद्योग नामसारी | १०००.०० | |
| | व्यवसाय दर्ता र लगत कट्टा | ५००.०० | |
| | मिलापत्र दस्तुर (दुवैथरीबाट) | १००.०० | |
| | विगो असुली प्रतिशत | २.५0 | |
| **८ मोही लगत कट्टा सिफारिस दस्तुर रु.** | | | |
| | १० रोपनी सम्म | ५00.00 | |
| | ५० रोपनी सम्म | १000.00 | |
| | १०० रोपनी सम्म | १५00.00 | |
| | १०० रोपनी भन्दा माथि | २000.00 | - |
| **९ अपुताली सिफारिस दस्तुर रु.** | | | |
| | तीन पुस्ता भित्रको | ५000.00 | |
| | तीन पुस्ता बाहिरको | १००००.०० | |
| **१० घर कायम सिफारिस दस्तुर रु.** | | | |
| | कच्ची घर | १00.00 | |
| | पक्की घर | ५00.00 | |
| | कच्ची घर सम्पन्न | १00.00 | |
| | पक्की घर सम्पन्न | ५00.00 | |
| **११ शिक्षा सेवा तर्फ सिफारिस दस्तुर रु.** | | | |
| | निजी क्षेत्रका क्याम्पस | २000.00 | |
| | तालीम तथा अनुसन्धान केन्द्र | ३000.00 | |
| | कम्प्यूटर तथा भाषा प्रशिक्षण केन्द्र | ३000.00 | |

| | | | |
|---|---|---|---|
| | अन्तराष्ट्रिय गैर सरकारी संस्था | ५000.00 | |
| | निजी नयाँ बोर्डिङ्ग स्कुल स्थापना | २000.00 | |
| | निजी बोर्डिङ्ग स्कुलको कक्षा थप | २000.00 | |
| | संघ संस्था दर्ता सिफारिस | २000.00 | |
| १२ मुल्याङ्कन तर्फ दस्तुर रु. | | | |
| | चार किल्ला सिफारिस | २५०.०० | |
| | घरबाटो सिफारिस | २५०.०० | |
| | विदेशमा अध्ययन गर्न जाने विद्यार्थीको सम्पत्ती मुल्याङ्कन | 0.२0% | |
| | घर जग्गा मुल्याङ्कन (स्वदेशी प्रयोजन) | 0.५0% | |
| १३ घर नक्सा पास दस्तुर रु. | | | |
| | मदन भण्डारी मार्गको दायाँ बाँया कच्ची घर प्रति वर्गफिट | ५.०० | |
| | मदन भण्डारी मार्गको दायाँ बाँया पक्की घर प्रति वर्गफिट | ७.०० | |
| | वि.पि. मार्गको दाँया बाँया कच्ची घर प्रति वर्गफिट | ३.00 | |
| | वि.पि. मार्गको दाँया बाँया पक्की घर प्रति वर्गफिट | ५.00 | |
| | अन्य ग्रामिण क्षेत्रको कच्ची घर प्रति वर्गफिट | १.00 | |
| | अन्य ग्रामिण क्षेत्रको पक्की घर प्रति वर्गफिट | २.00 | |
| | नक्सापाथ संशोधन दस्तुर | २०० | |
| | नक्सापास म्याद थप दस्तुर | २०० | |
| | नक्सापास नामसारी दस्तुर | २०० | |
| | घर नियमित शुल्क छुट प्रतिशत | ८०% | |
| १४ प्राकृतिक स्रोत उपयोग शुल्क | | | |
| १ | प्रति घनमिटर (ढुङ्गा बालुवा काठ) | ६ | |
| २ | **शुल्क तथा रोयल्टी (कोइला तथा चुनढुङ्गा** | १०% | |
| | **विविध** | | |
| १ | अंग्रेजी रुपान्तरण | ५०० | |
| २ | नामछुटको सिफारिस | १०० | |
| ३ | सनाखत सर्जमिन (नाता प्रमाणीत वाहेक) | ३०० | |
| ४ | जन्म, विवाह, मृत्यु दर्ता, सम्बन्धविच्छेद,वसाईसराई ( ३५ दिन कटेमा) तथा सिफारिस | ५० | |
| ५ | छात्रवृति तथा दिन दुखी सिफारिस | निशुल्क | |
| ६ | अविवाहित प्रमाणीत | २०० | |
| ७ | व्यक्ती जिवित प्रमाणीत | २०० | |
| ८ | नाम थर जन्म मिति संशोधन सिफारिस | १०० | |
| ९ | अमिन शुल्क ५ कित्ता सम्म | २००० | |

| | | | |
|---|---|---|---|
| | अमिन शुल्क थप ५ कित्ता माथी | थप १००० | |
| १० | साधारण सिफारिस | १०० | |
| ११ | ट्राभेल डकुमेन्ट सिफारिस | ३०० | |
| १२ | संरक्षणकर्ता सिफारिस सम्बन्धी सिफारिस | २०० | |
| १३ | संघसंस्था दर्ता सम्बन्धी सिफारिस | २००० | |
| १४ | भौतिक पुर्वाधार सेवा शुल्क (अब्यवस्थित वसोवास समेतको) प्रति कठ्ठा | ५० | |
| १५ | परिक्षा दरखास्त दस्तुर ( | शिक्षक सेवा आयोग तथा लोक सेवा आयोगले निर्धारण गरे वमोजिम | |
| १६ | नक्कल उतार प्रति पाना | ३ | |
| १७ | घर निर्माण नक्साको नक्कल दस्तुर प्रति तला | १० | |
| १८ | आयस्रोत प्रमाणीत स्वदेशि | जम्मा रकमको ०.१०% | अध्ययन प्रयोजनको लागि २०% छुट |
| १९ | गाउँसभा सभाहलको प्रयोग गरेवापत | २००० | |

अनुसूची – ११

(ऐनको दफा १२ को प्रयोजनको लागि)

सेवा शुल्क दस्तुर

<u>पर्यटन शुल्क </u>(प्रति व्यक्ति प्रति पटक)

| क्र.सं. | शिर्षक | दर रु. |
|---|---|---|
| १ | वाल उद्यान प्रवेश शुल्क | १० |
| २ | विभिन्न धार्मिक पर्यटकिय स्थल प्रवेश शुल्क | १० |
| ३ | संग्रालय अवलोकन शुल्क | १५ |

अध्यक्ष महोदय,

बंगलाचुली गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक बंगलाचुली गाउँपालिकाको आर्थिक विधेयक, २०७६ छलफल गरियोस भन्ने प्रस्ताव यस सम्मानीत सभा समक्ष पेश गर्दछु ।

धन्यवाद

विधेयक प्रस्तुतकर्ता

नामः- नारायण डाँगी

पदः-वडा अध्यक्ष/सदस्य

मितिः- २०७६/०३/०९